# मिति २०८१/०८/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

## निर्णय नं. १

नेपालगञ्ज उप-महानगरपालिका ०९ नं. वडा, बाँकेगाउँमा अवस्थित यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज, बाँकेलाई नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र स्थायी रुपमा व्यवस्थित गर्नका लागि सोको सम्भाव्यता अध्ययन गरी सात दिन भित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री प्रमोद रिजाल, वडा अध्यक्ष, वडा नं. १ | संयोजक |
| २. | श्री मनोज कुमार श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २ | सदस्य |
| ३. | श्री नन्द किशोर कश्यप, वडा अध्यक्ष, वडा नं. ११ | सदस्य |
| ४. | श्री कौशल कुमार धोबी, वडा अध्यक्ष, वडा नं. २० | सदस्य |
| ५. | श्री राजकुमार साहु तेली, वडा अध्यक्ष, वडा नं. २१ | सदस्य |
| ६. | श्री बसन्त कनोजिया, कार्यपालिका सदस्य | सदस्य |
| ७. | श्री पबन अर्याल, सर्वेक्षक | सदस्य-सचिव |

## निर्णय नं. २

सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंको प.सं. २०८१/०८२, च.नं. ४४०, मिति २०८१/०६/१३ गतेको पत्रानुसार आ.व. २०८१/०८२ मा सडक बोर्डको साझेदारीमा यस नेपालगञ्ज उप-महानगरपालिकामा तपसिल बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. २० सुर्खेत रोड बाट वडा कार्यालय तर्फ जाने सडक मर्मत | नेपालगञ्ज - २०, बाँके | नयाँ |
| २ | चारबाहिनी चोक देखि पूर्व तर्फ पिपल चौतारा हुँदै समावेशी टोल सम्म सडक मर्मत | नेपालगञ्ज - ९, बाँके | नयाँ |
| ३. | NIDC Road Maintenance Project | नेपालगञ्ज - १०, बाँके | गत आ.व. मा ठेक्का भएको |
| ४ | Banke Gaun Bishnu Lama's Home to Pashupati Tole Road Maintenance Project | नेपालगञ्ज - ९, बाँके | गत आ.व. मा ठेक्का भएको |

## निर्णय नं. ३

यस नेपालगञ्ज उप-महानगरपालिको लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ अनुसार पुरुष सञ्जालका सदस्यहरुको नियुक्तिको लागि आदर्श पुरुषहरुको सूची (ROSTER) तयार पून: गर्न १५(पन्ध्र) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



क्रमश: :

## मिति २०८१/०८/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. ४**

यस नेपालगञ्ज उप-महानगरपालिकामा युनिसेफको सहयोगमा शहरी विपद् तथा भूकम्पीय पूर्व तयारी परियोजनाको दोस्रो चरणको कार्यक्रम SUPER II यहि अगस्त महिना देखि शुरुवात भएको हुँदा कार्यक्रमको निरन्तरता र आपतकालिन कार्यसञ्चालन केन्द्रलाई वर्तमान अवस्थामा थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि सूचना व्यवस्थापन अधिकृतको रुपमा विगत देखि निरन्तर रुपमा कार्य गर्दै आउनु भएका श्री रुपन ज्ञवालीको आवश्यकता समेत महशुस भई अधिकतम २ महिना आगामी ६ माघ २०८१ (१९ जनवरी २०२५) सम्म निरन्तरता दिन र सो थप अवधिका लागि निजको पारिश्रमिक वापत जम्मा रु.१,५७,४५४.००(अक्षरुपी एक लाख सन्ताउन्न हजार चार सय चौपन्न रुपैया मात्र) यूनिसेफ सिद्धार्थनगर फिल्ड कार्यालय, भैरहवा, रुपन्देहीसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्तुत विषयमा यस नेपालगञ्ज उप-महानगरपालिकाद्वारा सञ्चालित आ.ब.२०८०।८१ को स्वीकृत बार्षिक कार्यक्रम ठेक्का नं. NSMC/SQ/W06/080/81 Cooling Center निर्माण गर्ने योजनाको लागत अनुमान रु.१७,४६,६६२।५६ (अक्षरेपी सत्र लाख छयालीस हजार छ सय बयसट्ठी रुपैया छपन्न पैसा मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेक रहेको र सो को ठेक्का सम्झौता लक्ष्मी निर्माण सेवा,चन्दननाथ-०४ जुम्ला सँग कबोल अंक रु.१३,०४,१४९।२५ (अक्षरेपी रु तेह्र लाख चार हजार एक सय उनान्पचास रुपैया पच्चीस पैसा मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेकमा मिति २०८१।०१।१३ गते सम्झौता भई सम्झौता अवधि २०८१।०७।३० सम्म रहेकोमा नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका बैठकको मिति २०८१।०५।०९ को निर्णयमा यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०३।०५ गतेको निर्णय नं. ७ बमोजिम Revised Estimate तयार गर्दा सुरुको ल.ई. रकम रु. १७,४६,६६२।५६(अक्षरेपी रु सत्र लाख छयालीस हजार छ सय बयसट्ठी रुपैया छपन्न पैसा मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेकमा ४,९७,७९०।२४ (अक्षरेपी रु चार लाख सन्तानब्बे हजार सात सय नब्बे रुपैया चौबिस पैसा मात्र (२८.५०%) बढ्न गई संशोधित लागत अनुमान रु.२२,४४,४५२।८०(अक्षरेपी रु बाईस लाख चौवालिस हजार चार सय बाउन्न रुपैया असी पैसा मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेक भएकोमा यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०७।१४ गतेको निर्णय बमोजिम मिति २०८१/०७/२३ गते निर्माण ब्यबसायी लक्ष्मी निर्माण सेवा,चन्दननाथ-०४ जुम्ला सँग दर रेट पेश गर्ने पत्र पठाएकोमा मिति २०८१/०७/२७ मा यस कार्यालयमा दर रेट पेश हुन आएको दर रेट उपयुक्त देखि Variation Sheet तयार गर्दा सुरुको सम्झौता रु.१३,०४,१४९।२५(अक्षरेपी रु तेह्र लाख चार हजार एक सय उनान्पचास रुपैया पच्चीस पैसा मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेकमा रु.३,७१,१२३।२५ मात्र (२८.४६%) बढ्न गई संशोधित सम्झौता रकम रु.१६,७५,२७३।०० (अक्षरेपी सोह्र लाख पचहत्तर हजार दुई सय त्रिहत्तर रुपैया मात्र) भ्याट, कन्टिन्जेन्सी, पि.एस. बाहेकमात्र भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १३१(१)(घ) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगञ्ज उप-महानगरपालिका

CamScanner

# मिति २०८१/०८/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

## निर्णय नं. ६

यस नेपालगञ्ज उपम-महानगरपालिका वडा नं.४ स्थित बसपार्क अन्तर्गत रहेको नेपालगञ्ज बसपार्क प्रवेश एवं विश्राम शुल्क र नगर बस सञ्चालन सम्बन्धी सम्झौता गर्ने शिवशक्ती जनरल एण्ड सप्लायर्सको तर्फ बाट अधिकार प्राप्त बेल बहादुर रानाले यस नेपालगञ्ज उप-महानगरपालिका कार्यालय र ऐ. का प्रमुख प्रशासकीय अधिकृत समेतलाई विपक्षी बनाई श्री बाँके जिल्ला अदालतमा दायर गरेको मुद्दा नं.०७९-CP-००६० को करारको यथावत परिपालना, हर हिसाब तथा क्षतिपूर्ति मुद्दामा श्री बाँके जिल्ला अदालतबाट मिति २०८१/०७/१२ मा फैसला भएको र मिति २०८१/०७/२६ मा प्रमाणीकरण भएको फैसला अनुसार वादीले प्रतिवादी नेपालगञ्ज उप-महानगरपालिका कार्यालय बाट रु.१,१६,६४,०००.००।- (एक करोड सोह्र लाख चौसट्ठी हजार) रुपैया भराई लिने पाउने ठहर भई भएको फैसलामा चित्त नबुझेको हुँदा सो मुद्दा मा म्याद भित्रै श्री उच्च अदालत तुलसीपुर, नेपालगञ्ज ईजलासमा कानून बमोजिम पुनरावेदन गर्ने, वारेस नियुक्त गर्ने अधिकार समेत नेपालगञ्ज उप-महानगरपालिका कार्यालयका वरिष्ठ आन्तरिक लेखा परीक्षण अधिकृत श्री खिमानन्द अर्याललाई अख्तियारी दिने निर्णय गरियो ।

## निर्णय नं. ७

नेपालगञ्ज उप-महानगरपालिकाको नक्सा पास नभई तथा प्रमाणीकरण नभएका तर निर्माण भईसकेका भवनहरुको तथ्याङ्क संकलन सम्वन्धी मिति २०८१।०८।०७ मा दोस्रो पटक प्रकाशित १५(पन्ध्र) दिने सूचना अनुसार यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयका भवनहरु, नगर पालिका अन्तर्गतका वडा कार्यालयका भवनहरु र नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गतका अन्य सम्पूर्ण कार्यालयहरुका भवनहरुको तथ्याङ्क अद्यावधिक गरी सडक तथा अन्य पूर्वाधार शाखा प्रमुखबाट प्रमाणीत गराई भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखामा रहेको तथ्याङ्क संकलन पुस्तिकामा समावेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

नेपालगञ्ज उप-महानगरपालिका १७ नं. वडा कार्यालयको पत्र संख्या ०८१/०८२, चलनी नं. ९४६, मिति २१८१/०८/१० गतेको पत्रानुसार १७ नं. वडा कार्यालय र श्री ज्ञान सागर मा.वि.नेपालगञ्ज वडा नं. १७ बाँके को एउटै प्राङ्गणले ठाँउ साँगुरो भई सेवाग्राही लाई सेवा दिन र विद्यालयको पठन पाठनमा समेत असर पर्ने भएको हुदाँ १७ नं. वडा अन्तर्गत रहेको श्री महराजा मा.वि. नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २१ बाँके को जग्गा १७ नं. वडा कार्यालय प्रयोजनका लागि लिने र वडा कार्यालयको भवन श्री ज्ञान सागर मा.वि. नेपालगञ्ज, १७ बाँके लाई हस्तान्तरणको विषयमा छलफलका लागि अनुरोध भएकोमा पत्रमा उल्लेखित सरोकारवालाहरुको विचमा छलफल गराउने निर्णय गरियो ।

आमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
... महानगरपालिका

CamScanner

मिति २०८१/०८/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. ९**

चालू आ.व. २०८१।८२ को स्वीकृत बार्षिक कार्यक्रम क्रमागत योजना अन्तर्गतका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको बिभिन्न कारणले समयमा सम्पन्न नभएकाले तपसिल बमोजिममा उल्लेख भए अनुसारको म्याद थप गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्झौता अनुसार कार्यसम्पन्न हुनुपर्ने मिति | अन्तिम पटक म्याद थप मिति | पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| बोलपत्र मार्फत कार्यान्वयन योजना | | | | | | |
| १. | वडा नं.१६सुर्खेत रोड (हाइवे) देखी जामा मस्जिद हुँदै शिव मन्दिर जाने बाटो निर्माण योजना | NSMC/NCB/W07/080/081 | २०८०।१०।०७ | २०८१।०७।३० | २०८१।१०।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा १ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । |
| २. | बागेश्वरी चिल्ड्रेन पार्क निर्माण न्युरोड | NSMC/NCB/W03/080/81 | २०८०।०९।२३ | २०८१।०७।३० | २०८१।१०।३० | |
| ३. | Cooling Centerनिर्माण | NSMC/SQ/W06/080/81 | २०८१।०१।१३ | २०८१।०७।३० | २०८१।०९।३० | |

| उपभोक्ता समिति मार्फत कार्यान्वयन योजना | | | | | | |
|---|---|---|---|---|---|---|
| क.सं. | योजना विवरण | उपभोक्ता समितिको नाम र ठेगाना | सम्झौता मिति | सम्झौता अनुसार कार्यसम्पन्न हुनुपर्ने मिति | अन्तिम पटक म्याद थप मिति | पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्पन्न गर्नुपर्ने मिति |
| ४. | वडा नं २३ वडा कार्यालय भवन निर्माण कार्य | भवन निर्माण उपभोक्ता समिति, नेपालगञ्ज २३, बाँके | २०८१।०२।१४ | २०८१।०७।३० | २०८१।११।३० | म्याद भित्र सम्पन्न गर्न नसकेमा १ महिना पूर्व निर्धारित क्षतिपूर्ति लिई कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा सम्झौता रद्द हुनेछ । |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८१/०८/१३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १०**

यस नेपालगञ्ज उप-महानगरपालिकाको वि.नं. ०२/२०८१-०८२ ईलेक्ट्रिकल सब-ईन्जिनियर, सहायकस्तर पाँचौ तह (करार) पदका लागि मिति २०८१/०७/०४ गते प्रकाशित सूचना अनुसार प्राप्त आवेदन संख्या ९ (नौ) को मिति २०८१/०८/०८ गते शनिबार दिनको १:०० बजे सञ्चालित सेवा सम्बन्धित कार्य-ज्ञानको लिखित परीक्षा, सोही दिन दिनको ३:०० बजे सञ्चालित प्रयोगात्मक (सीप) परीक्षण परीक्षा र मिति २०८१/०८/०९ गते आईतबारका दिन बिहान ८:०० बजे सञ्चालित अन्तर्वार्ता परीक्षामा सम्मिलित जम्मा ८ (आठ) जना उम्मेदवारहरु मध्ये तीन वटै परीक्षामा उतीर्ण भई सबै भन्दा बढी अङ्क प्राप्त गर्ने योग्यताक्रम नं. १ मा रहन सफल भएका उम्मेदवार श्री दिपेन्द्र वि.क. लाई ईलेक्ट्रिकल सब-ईन्जिनियर, सहायकस्तर पाँचौ तह (करार) मा नियुक्त गरिएको व्यहोरा प्रमुख प्रशासकीय अधिकृत मार्फत जानकारी प्राप्त भयो ।

ओमबहादुर ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner